# मुसिकोट नगरपालिकाको सहुलियतपूर्ण फार्मेसी सञ्चालन तथा नियमन सम्बन्धी निर्देशिका, २०८२

| | |
|---|---|
| कार्यपालिकाबाट स्वीकृत मितिः- | २०८२/१२/०८ |

## मुसिकोट नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

लुम्बिनी प्रदेश, नेपाल

# मुसिकोट नगरपालिकाको सहुलियतपूर्ण फार्मेसी सञ्चालन तथा नियमन सम्बन्धी निर्देशिका, २०८२

**प्रस्तावना:** नेपालको संविधानमा मौलिक हकको रुपमा रहेको स्वास्थ्य सम्बन्धी हकको प्रवर्धन गर्न, स्वास्थ्य सेवा/सुविधामा प्रत्येक नागरिकको पहुँच सुनिश्चित गर्न र नागरिकलाई सहुलियतपूर्ण रुपमा सुपथ मूल्यमा औषधी तथा औषधीजन्य सामग्री उपलब्ध गराउँदै स्वस्थ नागरिक समृद्ध मुसिकोटका सपनालाई साकार रुप दिन वाञ्छनीय भएकोले मुसिकोट नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी मुसिकोट नगर कार्यपालिकाले यो निर्देशिका बनाएको छ।

## परिच्छेद-१: प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस निर्देशिकाको नाम **"मुसिकोट नगरपालिकाको सहुलियतपूर्ण फार्मेसी सञ्चालन तथा नियमन सम्बन्धी निर्देशिका, २०८२"** रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस निर्देशिकामा;

(क) **"नगरपालिका"** भन्नाले मुसिकोट नगरपालिका सम्झनुपर्छ।

(ख) **"कार्यपालिका"** भन्नाले मुसिकोट नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ।

(ग) **"प्रमुख"** भन्नाले मुसिकोट नगरपालिकाको प्रमुख सम्झनुपर्छ।

(घ) **"उपप्रमुख"** भन्नाले मुसिकोट नगरपालिकाको उपप्रमुख सम्झनुपर्छ।

(ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले मुसिकोट नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(च) **"कार्यालय"** भन्नाले मुसिकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ।

(छ) **"विषयगत समिति"** भन्नाले मुसिकोट नगरपालिकाको सामाजिक विकास समिति सम्झनुपर्छ।

(ज) **"निर्देशक तथा व्यवस्थापन समिति"** भन्नाले दफा १० बमोजिमको व्यवस्थापन समिति सम्झनुपर्छ।

(झ) **"शाखा"** भन्नाले मुसिकोट नगरपालिकाको स्वास्थ्य शाखा सम्झनुपर्छ।

(ञ) **"अन्य संस्था"** भन्नाले दफा १८ बमोजिम सहुलियतपूर्ण फार्मेसी सञ्चालन गर्ने संस्थालाई सम्झनुपर्छ।

(ट) **"सहुलियतपूर्ण फार्मेसी"** भन्नाले सहुलियतपूर्ण मूल्यमा औषधी तथा औषधीजन्य सामग्री उपलब्ध गराउने गरी मुसिकोट नगरपालिकाको व्यवस्थापनमा सञ्चालित फार्मेसीलाई सम्झनुपर्छ र सो शब्दले यसै निर्देशिकाको दफा १८ बमोजिमको अन्य संस्थाबाट सञ्चालित फार्मेसी समेतलाई जनाउँछ।

## परिच्छेद-२: सहुलियतपूर्ण फार्मेसी सम्बन्धी व्यवस्था

**३. सहुलियतपूर्ण फार्मेसी सञ्चालन हुने:** (१) नगरपालिकाले आवश्यकता अनुसार नगरपालिका क्षेत्रभित्रका विभिन्न स्थानमा **"सहुलियतपूर्ण फार्मेसी"** सञ्चालन गरी सुपथ मूल्यमा औषधी तथा औषधीजन्य सामग्री र सो सम्बन्धी परामर्श सेवा उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिमको सहुलियतपूर्ण फार्मेसी सञ्चालन गर्दा मुसिकोट नगरबासीलाई पायक पर्ने गरी नगरपालिकाले तोकेको स्थानमा सञ्चालन गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको सहुलियतपूर्ण फार्मेसी नगरपालिका आफैले वा अन्य संस्था छनौट गरी उक्त संस्था मार्फत सञ्चालन गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिम सञ्चालन हुने सहुलियतपूर्ण फार्मेसीले उपलब्ध गराउने औषधी एवम् फार्मेसी सेवाको गुणस्तर औषधी व्यवस्था विभागले तोकेको मापदण्ड बमोजिम हुनेछ।

(५) सहुलियतपूर्ण फार्मेसीले फार्मोकोलोजिकल औषधीको अभ्यासलाई प्रवर्धन गर्नुपर्नेछ।

(६) नगरबासीको स्वास्थ्यलाई केन्द्रमा राखी सहज र सरल तरिकाले औषधी र औषधीजन्य सामग्री बिक्री वितरण गर्ने गरी जनउत्तरदायी र सेवामुखी भई सहुलियतपूर्ण फार्मेसी सञ्चालन गर्नुपर्नेछ।
(७) सहुलियतपूर्ण फार्मेसीले औषधी सम्बन्धी नि:शुल्क परामर्श सेवा समेत दिनुपर्नेछ।

**४. संकेत चिन्ह तथा बोर्ड:** सहुलियतपूर्ण फार्मेसीको संकेत चिन्ह र साइनबोर्ड अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ।

## परिच्छेद-३: नगरपालिकाको व्यवस्थापनमा सञ्चालन हुने सहुलियतपूर्ण फार्मेसी सम्बन्धी व्यवस्था

**५. भौतिक पूर्वाधार:** (१) सहुलियतपूर्ण फार्मेसी सञ्चालनको लागि आवश्यक पर्ने औषधी बिक्री वितरण, भण्डारण तथा परामर्श सेवा समेतका लागि कम्तिमा एक सय पचास वर्गफिट क्षेत्रफलको कक्ष हुनुपर्नेछ।
(२) उपदफा (१) बमोजिमको कक्ष र फार्मेसीका लागि आवश्यक पर्ने फर्निचर, उपकरण तथा अन्य सम्पूर्ण भौतिक व्यवस्थापनको कार्य नगरपालिकाले गर्नेछ।

**६. जनशक्ति:** (१) नगरपालिकाको व्यवस्थापनमा सञ्चालन हुने सहुलियतपूर्ण फार्मेसीको लागि नगरपालिकाले कम्तिमा एक जना फार्मेसी सहायक र एक जना सहयोगीको व्यवस्था गर्नेछ।
(२) उपदफा (१) मा उल्लेखित जनशक्तिको अतिरिक्त कार्यबोझको आधारमा व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकाको निर्णय बमोजिम थप कर्मचारी व्यवस्था गर्न सकिनेछ।

**७. कोष व्यवस्थापन:** (१) नगरपालिकाको व्यवस्थापनमा सञ्चालन हुने सहुलियतपूर्ण फार्मेसीको औषधी तथा औषधीजन्य सामग्री बिक्रीबाट प्राप्त हुने आम्दानी नगरपालिकाले तोकेको बैंक खातामा नियमित रुपमा जम्मा गर्नुपर्नेछ।
(२) सहुलियतपूर्ण फार्मेसीबाट औषधी तथा औषधीजन्य सामग्री बिक्री गर्दा प्रत्येक कारोबारलाई औषधी व्यवस्था विभागबाट मान्यता प्राप्त अनलाईन प्रणाली (सफ्टवेयर) मा प्रविष्टी गरी बिल/बीजक जारी गर्नुपर्नेछ।

**८. सञ्चालन खर्चको व्यवस्था:** नगरपालिकाको व्यवस्थापनमा सञ्चालन हुने सहुलियतपूर्ण फार्मेसी सञ्चालन तथा व्यवस्थापन गर्न नियमित रुपमा हुने खर्चको लागि नगरपालिकाले निश्चित रकमको व्यवस्था गर्नेछ।

**९. औषधी तथा औषधीजन्य सामग्रीको आपूर्ति:** नगरपालिकाको व्यवस्थापनमा सञ्चालन हुने सहुलियतपूर्ण फार्मेसीबाट माग भएका औषधी तथा औषधीजन्य सामग्री नगरपालिकाले उपलब्ध गराउनेछ।

**१०. सहुलियतपूर्ण फार्मेसी निर्देशक तथा व्यवस्थापन समिति:** (१) यस निर्देशिका बमोजिम सञ्चालन हुने सबै प्रकारका सहुलियतपूर्ण फार्मेसीलाई व्यवस्थित एवम् प्रभावकारी रूपमा सञ्चालन तथा व्यवस्थापन गर्न, गराउन नगरपालिकामा देहाय बमोजिमको निर्देशक तथा व्यवस्थापन समिति रहनेछ :
(क) प्रमुख - संयोजक
(ख) उपप्रमुख - सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(घ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य
(ङ) सामाजिक विकास समिति संयोजक - सदस्य
(च) निर्देशक तथा व्यवस्थापन समितिले मनोनयन गरेको एक जना फार्मेसी विज्ञ - सदस्य
(छ) स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(२) निर्देशक तथा व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(३) निर्देशक तथा व्यवस्थापन समितिले आवश्यकता अनुसार कुनै व्यक्तिलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ।

(४) निर्देशक तथा व्यवस्थापन समितिले आवश्यकता अनुसार व्यवस्थापन उपसमिति गठन गर्न सक्नेछ।

**११. निर्देशक तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** दफा १० बमोजिमको निर्देशक तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) सहुलियतपूर्ण फार्मेसी सञ्चालन गर्ने स्थान पहिचान गर्ने।

(ख) सहुलियतपूर्ण फार्मेसीको मापदण्ड तोक्ने।

(ग) सहुलियतपूर्ण फार्मेसीले पालन गर्नुपर्ने आचारसंहिता तोकी आचारसंहिताको पालना भए नभएको सम्बन्धमा अनुगमन गर्ने।

(घ) यस निर्देशिका बमोजिम सञ्चालित फार्मेसीहरूको अनुगमनका लागि सूचक तयार गर्ने, गराउने।

(ङ) खरीद गरिने औषधी तथा औषधीजन्य सामग्रीहरूको लागि आवश्यकता अनुसार पूर्व योग्यता निर्धारण गर्ने।

(च) फार्मेसीहरूबाट सम्पादित कार्यको बारेमा त्रैमासिक समीक्षा गर्ने र आवश्यक निर्देशन दिने।

(छ) फार्मेसी सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा अन्य कामहरू गर्ने, गराउने।

**१२. औषधी तथा औषधीजन्य सामग्रीको खरीदः** (१) नगरपालिकाको व्यवस्थापनमा सञ्चालन हुने सहुलियतपूर्ण फार्मेसीका लागि आवश्यक पर्ने औषधी तथा औषधीजन्य सामग्री प्रचलित सार्वजनिक खरीद कानून बमोजिम खरीद गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम खरीद गरिने औषधी यथासम्भव फार्मोकोलोजिकल नामको आधारमा खरीद गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम औषधी तथा औषधीजन्य सामग्री खरीद गर्नुपूर्व सोको मानक तयार गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिमको मानकका अतिरिक्त व्यवस्थापन समितिबाट उत्पादकको पूर्व योग्यता निर्धारण सम्बन्धी स्वीकृत मापदण्ड तथा बोलपत्रका शर्तहरू संलग्न गर्नुपर्नेछ।

(५) बोलपत्र पेस गर्ने कम्पनीले प्रत्येक औषधी तथा औषधीजन्य सामग्रीको छुट्टा छुट्टै दररेट पेस गर्नुपर्नेछ।

**१३. बोलपत्रको मूल्याङ्कनः** (१) दफा १२ बमोजिम खरीद गरिने औषधी तथा औषधीजन्य सामग्री खरीदका लागि नगरपालिकाबाट बोलपत्र आह्वान गरिए पश्चात पेस हुन आएका बोलपत्रको मूल्याङ्कन प्रचलित कानून बमोजिम गठन हुने बोलपत्र मूल्याङ्कन समितिले गर्नेछ।

(२) उपदफा (१) बमोजिम बोलपत्रको मूल्याङ्कन गर्दा प्रत्येक औषधी तथा औषधीजन्य सामग्रीको अलग अलग मूल्याङ्कन गर्नुपर्नेछ।

**१४. आवश्यकता अनुसार मात्र खरीद गर्ने गरी सम्झौता गरिनेः** (१) बोलपत्र मार्फत छनोट गरिएका आपूर्तिकर्तासँग सम्झौतामा तोकिएको अवधि सम्म सहुलियतपूर्ण फार्मेसीको आवश्यकता अनुसार पटक पटक गरी औषधी तथा औषधीजन्य सामग्री आपूर्ति गर्ने गरी खरीद सम्झौता गर्नुपर्नेछ।

(२) आपूर्तिकर्ताले माग बमोजिमको परिमाण, समय र स्थानमा औषधी तथा औषधीजन्य सामग्री उपलब्ध गराउनुपर्नेछ।

**१५. औषधीको गुणस्तरः** सहुलियतपूर्ण फार्मेसीका लागि खरीद गरिने औषधी तथा औषधीजन्य सामग्रीको गुणस्तर औषधी व्यवस्था विभागबाट प्रमाणित भएको हुनुपर्नेछ।

**१६. औषधीको परिमाण प्रक्षेपण गर्नुपर्नेः** (१) सहुलियतपूर्ण फार्मेसीले प्रत्येक आर्थिक वर्षको लागि आवश्यक पर्ने औषधी तथा औषधीजन्य सामग्रीको वार्षिक परिमाण प्रक्षेपण गरी नगरपालिकाको स्वास्थ्य शाखामा पठाउनुपर्नेछ।

(२) फार्मेसीले प्रत्येक तीन महिनाका लागि आवश्यक पर्ने औषधी तथा औषधीजन्य सामग्रीको परिमाण सहितको सूची अग्रिम रूपमा स्वास्थ्य शाखामा पठाउनुपर्नेछ।

**१७. बिक्री मूल्य निर्धारण:** (१) निर्देशक तथा व्यवस्थापन समितिले सहुलियतपूर्ण फार्मेसीबाट बिक्री हुने औषधी तथा औषधीजन्य सामग्रीको खरीद मूल्यमा १० प्रतिशत थप र अधिकतम खुद्रा मूल्यको ८५ प्रतिशत भन्दा बढी नहुने गरी बिक्री मूल्य निर्धारण गर्नुपर्नेछ।

(२) सहुलियतपूर्ण फार्मेसीले उपभोक्तालाई उपदफा (१) बमोजिमको मूल्यमा औषधी तथा औषधीजन्य सामग्री उपलब्ध गराउनुपर्नेछ।

## परिच्छेद-४: अन्य संस्था मार्फत सञ्चालन हुने सहुलियतपूर्ण फार्मेसी सम्बन्धी व्यवस्था

**१८. अन्य संस्था मार्फत कार्य गर्न सकिने:** (१) नगरपालिकाले औषधी तथा औषधीजन्य सामग्री बिक्री वितरण गर्न पाउने गरी प्रचलित कानून बमोजिम फार्मेसी सञ्चालन गर्न योग्यता पुगेका व्यावसायिक संस्था मार्फत सहुलियतपूर्ण फार्मेसी सञ्चालनको कार्य गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको संस्था छनौट गर्दा कार्यपालिकाले स्वीकृत गरेको प्रस्ताव सम्बन्धी कागजात, कार्यक्षेत्रगत सर्त, मूल्याङ्कनका आधार तथा सम्झौताका सर्त समेतका आधारमा राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तिमा १५ दिनको समय दिई प्रस्ताव आह्वान सम्बन्धी सूचना प्रकाशन गरी संस्थाहरूबीच औषधी तथा औषधीजन्य सामग्रीको अधिकतम खुद्रा मूल्यको छुट प्रतिशतमा प्रतिस्पर्धा गराई छनौट गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रस्ताव स्वीकृत गर्दा एउटा मात्र प्रस्ताव सारभूत रूपमा प्रभावग्राही भएको कारणले मात्र उक्त प्रस्ताव स्वीकृत गर्न बाधा पर्ने छैन।

(४) नगरपालिकाले उपदफा (२) बमोजिम छनोट भएको संस्थासँग स्वीकृत प्रस्ताव सम्बन्धी कागजातमा तोकिएको ढाँचामा सम्झौता गरी अनुसूची-२ को ढाँचामा सहुलियतपूर्ण फार्मेसी सञ्चालन इजाजतपत्र दिनुपर्नेछ।

**१९. संस्थाको योग्यता:** (१) दफा १८ बमोजिम सहुलियतपूर्ण फार्मेसी सञ्चालन गर्ने संस्थाले देहायको योग्यता पूरा गरेको हुनुपर्नेछ:

(क) औषधी व्यवस्था विभागबाट औषधी तथा औषधीजन्य सामग्रीको खुद्रा बिक्री वितरण गर्न इजाजतपत्र प्राप्त गरेको।

(ख) प्रत्येक वर्ष इजाजतपत्र नवीकरण गरेको।

(ग) PAN/VAT मा दर्ता भई प्रमाणपत्र प्राप्त गरेको।

(घ) नियमित रूपमा कर तिरी कर चुक्ता प्रमाणपत्र प्राप्त गरेको।

(च) कम्तिमा दफा ६ बमोजिमको जनशक्ति उपलब्ध गराउन सक्ने।

(छ) प्रचलित कानून बमोजिम फार्मेसी व्यवसाय सञ्चालन गर्न अयोग्य नठहरिएको।

(२) सहुलियतपूर्ण फार्मेसी सञ्चालन गर्ने संस्था छनोटका लागि उपदफा (१) मा तोकिएका योग्यताका अतिरिक्त कार्यक्षेत्रगत सर्तमा प्रस्ताव मूल्याङ्कनका थप योग्यताका आधार तोक्नुपर्नेछ।

**२०. सञ्चालन अवधि:** (१) फार्मेसी सञ्चालनको सम्झौता अवधि एक पटकमा अधिकतम दुई वर्षको लागि हुनेछ। फार्मेसी सञ्चालन गर्ने संस्थाले सम्झौता बमोजिम प्रभावकारी तरिकाले सेवा प्रवाह गरे नगरेको सम्बन्धमा विभिन्न सूचकहरूको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादन र सेवा प्रवाह सन्तोषजनक पाइएमा निर्देशक तथा व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकाले साविक बमोजिम हुने गरी धरौटी लिई थप दुई वर्षका लागि सम्झौताको म्याद थप गर्न सक्नेछ।

(२) सम्झौता बमोजिम सन्तोषजनक कार्य सम्पादन नभएको देखिएमा दफा १० बमोजिमको निर्देशक तथा व्यवस्थापन समितिको सिफारिसमा ९० दिनको सूचना दिई कार्यपालिकाले सम्झौता रद्द गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम सम्झौता रद्द गर्नुपूर्व सम्बन्धित संस्थालाई सफाई दिने मौकाबाट वञ्चित गरिनेछैन।

(४) फार्मेसी सञ्चालकले सम्झौता रद्द गरी व्यवसाय छोड्न चाहेमा कम्तिमा ९० दिन अगावै कारण सहित लिखित जानकारी कार्यपालिका समक्ष दिनुपर्नेछ।

(५) फार्मेसी सञ्चालकले तोकिएको अवधि अगावै जानकारी नगराई एकपक्षीय रुपमा सम्झौता रद्द गरेमा, फार्मेसी सञ्चालन गर्न छोडेमा न्यायिक समितिको मूल्याङ्कन तथा सिफारिसमा कार्यपालिकाले निर्णय गरे बमोजिम क्षतिपूर्ति वा जरिवाना बुझाउनुपर्नेछ।

**२१. भौतिक पूर्वाधार:** (१) अन्य संस्था मार्फत सञ्चालन हुने फार्मेसीका लागि आवश्यक कक्ष दफा ५ को उपदफा (१) बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको कक्षको व्यवस्थापन सम्बन्धित संस्थाले नै गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको कक्षमा फार्मेसी सञ्चालनका लागि आवश्यक पर्ने फर्निचर, उपकरण तथा अन्य सम्पूर्ण भौतिक व्यवस्थापनको कार्य सम्बन्धित संस्थाले नै गर्नुपर्नेछ।

**२२. जनशक्ति:** (१) सम्बन्धित संस्थाले फार्मेसीको लागि कम्तिमा एक जना फार्मेसी सहायक र एक जना सहयोगीको व्यवस्था गर्नुपर्नेछ।

(२) उपदफा (१) मा उल्लेखित जनशक्तिको अतिरिक्त कार्यबोझको आधारमा व्यवस्थापन समितिको निर्णय बमोजिम सम्बन्धित संस्थाले थप कर्मचारी व्यवस्था गर्नुपर्नेछ।

**२३. कारोवारको अनलाइन प्रविष्टी:** अन्य संस्था मार्फत सञ्चालन हुने सहुलियतपूर्ण फार्मेसीबाट औषधी तथा औषधीजन्य सामग्री बिक्री गर्दा प्रत्येक कारोबारलाई औषधी व्यवस्था विभागबाट मान्यता प्राप्त अनलाईन प्रणाली (सफ्टवेयर) मा प्रविष्टी गरी बिल/बीजक जारी गर्नुपर्नेछ।

**२४. औषधी तथा औषधीजन्य सामग्रीको व्यवस्था:** अन्य संस्था मार्फत सञ्चालन हुने सहुलियतपूर्ण फार्मेसीले सेवाग्राहीको माग अनुसारको औषधी तथा औषधीजन्य सामग्रीको अभाव नहुने गरी आवश्यक व्यवस्था गर्नुपर्नेछ।

**२५. बिक्री मूल्य:** (१) अन्य संस्था मार्फत सञ्चालन हुने सहुलियतपूर्ण फार्मेसीले सेवाग्राहीलाई प्रत्येक औषधी र औषधीजन्य सामग्रीको अधिकतम खुद्रा बिक्री मूल्यमा कम्तिमा १० प्रतिशतले हुने रकम छुट दिने गरी बिक्री मूल्य तोक्नुपर्नेछ। तर, १० प्रतिशत भन्दा बढी छुट दिने गरी प्रतिस्पर्धाबाट छनौट भएको संस्थाले सोही बमोजिम छुट दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको मूल्यमा औषधी तथा औषधीजन्य सामग्री उपलब्ध गराए नगराएको सम्बन्धमा निर्देशक तथा व्यवस्थापन समिति र अनुगमन समितिले समय समयमा अनुगमन गर्नेछ।

**२६. मुसिकोट नगरपालिकाका नागरिकको लागि थप सुविधा :** (१) अन्य संस्था मार्फत सञ्चालन हुने सहुलियतपूर्ण फार्मेसीले मुसिकोट नगरपालिकाका नागरिकहरुलाई नागरिकता प्रमाणपत्र/राष्ट्रिय परिचयपत्रको आधारमा प्रत्येक औषधी र औषधीजन्य सामग्रीको अधिकतम खुद्रा बिक्री मूल्यमा कम्तिमा २५ प्रतिशतले हुने रकम छुट दिने गरी बिक्री मूल्य तोक्नुपर्नेछ। यदी, २५ प्रतिशत भन्दा कम छुट दिने गरी प्रतिस्पर्धाबाट संस्था छनौट भएको अवस्थामा कबोल गरेको प्रतिशत देखी २५ प्रतिशत बीचको हुन आउने प्रतिशत बराबरको रकम मुसिकोट नगरपालिकाले उक्त छनौट भएको अन्य संस्थालाई उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिमको सुविधा लिन नागरिकहरुले अनिवार्य रुपमा निवेदन सहित नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम सुविधा प्राप्त गरेका सेवाग्राहीहरुको विवरण, निवेदन, बिल र परिचयपत्रको प्रतिलिपि सहित अन्य संस्थाले मासिक रुपमा नगरपालिका समक्ष सोधभर्ना माग गर्नुपर्नेछ।

(४) उपदफा (१) बमोजिम बिल/बीजक जारी गर्दा अनिवार्य रुपमा नगरपालिका मार्फत छुट प्रतिशत/रकम खुलाउनुपर्नेछ।

**२७. सूचीकृत हुनुपर्ने:** (१) दफा १८ बमोजिम फार्मेसी सञ्चालनका लागि अनुमति प्राप्त अन्य संस्थाले नगरपालिकाको कानून बमोजिम व्यवसाय कर प्रयोजनको लागि सूचीकृत हुनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचीकृत हुने संस्थाले नगरपालिकाको सालबसाली आर्थिक ऐनमा तोकिए बमोजिमको व्यवसाय कर बुझाउनुपर्नेछ।

## परिच्छेद-५: अनुगमन, नियमन र कारबाही सम्बन्धी व्यवस्था

**२८. अनुगमन गर्ने:** (१) नगरपालिकाले स्वास्थ्य शाखाको नेतृत्वमा आवश्यकता अनुसार विज्ञ सहितको अनुगमन टोली खटाई यस निर्देशिका बमोजिम सञ्चालित फार्मेसीहरूको कार्यालयबाट स्वीकृत सूचकहरूको आधारमा अनुगमन गर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गरी सोको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेस गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम अनुगमन गर्ने क्रममा प्रचलित कानून बमोजिम तत्काल स्थलगत रूपमा कुनै कारवाही गर्नु पर्ने भए प्रमुख प्रशासकीय अधिकृत समक्ष लिखित वा मौखिक प्रतिवेदन गरी प्राप्त आदेश बमोजिम गर्नुपर्नेछ।

(४) स्वास्थ्य शाखाले अनुगमन टोली परिचालन सम्बन्धमा आवश्यक व्यवस्था मिलाउनेछ।

**२९. आचारसंहिता र मापदण्ड:** फार्मेसी सञ्चालन सम्बन्धी आचारसंहिता र मापदण्ड औषधी व्यवस्था विभाग र अन्य नियामक निकायले तोके बमोजिम हुनेछ।

**३०. कारबाही हुने:** यो निर्देशिकामा उल्लेखित प्रावधानहरूको उल्लंघन गर्ने फार्मेसीलाई प्रचलित कानून बमोजिम कारबाही गरिनेछ।

## परिच्छेद-६: विविध

**३१. स्वास्थ्य शाखा सम्पर्क विन्दुको रूपमा रहने:** यस निर्देशिका बमोजिम सञ्चालन हुने फार्मेसीहरुको सञ्चालन तथा नियमन सम्बन्धमा स्वास्थ्य शाखा सम्पर्क विन्दुको रूपमा रहनेछ।

**३२. सेवाग्राहीको अभिलेख राख्नुपर्ने:** यस निर्देशिका बमोजिम सञ्चालन हुने फार्मेसीहरूले औषधी खरीदको लागि आउने सेवाग्राहीहरूको अभिलेख कार्यालयले तोकिदिएको ढाँचामा राख्नुपर्नेछ।

**३३. बैठक भत्ता पाउने:** दफा १० बमोजिमको निर्देशक तथा व्यवस्थापन समितिका सदस्यहरूले नगरपालिकाको अन्य समितिका सदस्यले सरह बैठक भत्ता पाउनेछन्।

**३४. संशोधन वा खारेजी गर्न सकिने:** यस निर्देशिकामा कुनै विषय थपघट, संशोधन वा खारेजी गर्न आवश्यक देखिएमा कार्यपालिकाले आवश्यकता अनुसार थपघट वा संशोधन गर्न सक्नेछ।

## अनुसूची-१

**(दफा ४ सँग सम्बन्धित)**


**सहुलियतपूर्ण फार्मेसीको सङ्केत चिन्ह तथा साईन बोर्ड**

१. संकेत चिन्हको नमूना: *(मुसिकोट नगरपालिकाको लोगो सहितको सहुलियतपूर्ण फार्मेसीको लोगो)*

२. साईन बोर्डको नमूना:

(क) पृष्ठभूमि र अक्षर: नीलो पृष्ठभूमिमा सेतो अक्षरले लेखिएको हुनुपर्ने।

(ख) साईनबोर्डमा लेखिने भाषा: **मुसिकोट नगरपालिकाद्वारा सञ्चालित सहुलियतपूर्ण नागरिक स्वास्थ्य सेवा फार्मेसी।**



**अनुसूची-२**
**(दफा १८ को उपदफा (४) सँग सम्बन्धित)**
**फार्मेसी सञ्चालन इजाजतपत्र**

मिति: ......................

श्री .........................

प्रस्तुत विषयमा यस कार्यालय र तहाँ संस्था बिच मिति ...... मा देहाय बमोजिमको सहुलियतपूर्ण फार्मेसी सञ्चालन गर्नका लागि **मुसिकोट नगरपालिकाको सहुलियतपूर्ण फार्मेसी सञ्चालन तथा नियमन सम्बन्धी निर्देशिका,** २०८२ बमोजिम सम्झौता भईसकेको र मिति ................ देखि लागू हुने गरी सोही निर्देशिकाको दफा २० को उपदफा (१) बमोजिम दुई वर्षका लागि फार्मेसी सञ्चालन गर्न इजाजत दिइएको छ। सहुलियतपूर्ण फार्मेसी सञ्चालन तथा नियमन सम्बन्धी निर्देशिका, २०८२, यस कार्यालयसँग गरेको सम्झौता र अन्य प्रचलित कानूनको अधीनमा रही सहुलियतपूर्ण फार्मेसी सञ्चालन गर्न अनुरोध छ।

१. फार्मेसीको नाम:
२. फार्मेसी सञ्चालक:
३. फार्मेसी सञ्चालन गरिने स्थान:
४. फार्मेसीको म्याद समाप्त हुने मिति:
५. बिक्री वितरण गरिने औषधीको समूह:
६. अन्य बेहोरा (केही भए):